मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार,लमजुङ

गण्डकी प्रदेश,नेपाल

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोर्लेटार, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-२०७६/७७

चलानी नं:- (शिक्षा)

फोन नं: ०६६-४१०१५२

मितिः २०७७/०२/२६

श्री मध्यनेपाल स्थित सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरू ।

विषय : School Level IEMIS तथ्याङ्क अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रत्येक शैक्षिक सत्रको सुरु (जेष्ठ ७ गते) गते र अन्त्य (चैत्र २३ गते) मा क्रमशः Flash I / Flash II मार्फत विद्यालय शिक्षासँग सम्बन्धित सबै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन गर्दै आइएकोमा COVID 19 को प्रकोप र जोखिमका कारण हालसम्म सम्पूर्ण शैक्षिक संस्थाहरू बन्दाबन्दीको अवस्थामा रहेका छन् । बन्दाबन्दीको अवस्थाले निरन्तरता पाइरहेको भए पनि विद्यालय तहको विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Exel based को Electronic School level IEMIS) को व्यवस्थापनलाई निरन्तरता दिन जरुरदेखि मध्यनेपाल नगरपालिका अन्तर्गतका सबै प्रकार र तहका विद्यालयहरूले आआफ्नो विद्यालयको विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Exel based Electronic School level EMIS ) File मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका निम्न तथ्याङ्क एवम् सूचनाहरू तयार गरी २०७७/०३/१५ गतेदेखि तपसिलका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal : iemis.doe.gov.np मा upload गर्नुहुन अनुरोध छ ।

तपसिल

१. आआफ्नो विद्यालयको IEMIS File Update गर्दा Year set २०७७ बनाउने ।

२. शै.स. २०७६ को कक्षागत विद्यार्थीहरूको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, वार्षिक हाजिरी दिन आदि विवरणहरू) अद्यावधिक गर्ने (कक्षा १० र १२ बाहेक) ।

३. शै.स. २०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरूको प्राप्ताङ्क विवरणको Entry र अद्यावधिक गर्ने ।

४. शै.स. २०७६ को कक्षागत छात्रवृत्ति विवरण अद्यावधिक गर्ने ।

५. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सबै प्रकार र तहका शिक्षकहरूको पूर्ण विवरण अद्यावधिक गर्ने ।

६. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरूकको पूर्ण विवरण अद्यावधिक गर्ने ।

मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोर्लेटार, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-२०७६/७७
चलानी नं:- (शिक्षा)

फोन नं: ०६६-४१०१५२

७. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकारको भौतिक विवरण अद्यावधिक गर्ने ।

८. हाल विद्यालयमा रहेका अभिलेख अनुसार शै.स. २०७६ सालको विविधमा रहेको सबै विवरण अद्यावधिक गर्ने ।

९. कक्षा ११ र १२ को शैक्षिक सत्र फरक भएकाले यस्ता माध्यमिक विद्यालयहरुले IEMIS file दुई पटक अध्यावधिक गरी बुझाउनु पर्नेछ, जसमा कक्षा १२ का लागि २०७६ को कक्षा ११ का विद्यार्थी update गर्ने र अन्य कक्षाहरुसँगै व्यवस्थापन गर्ने र कक्षा ११ को नयाँ भर्ना सकिएपछि add गर्ने ।

१०. आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन राम्रोसँग रुजु गर्ने र IEMIS File "save" गरी राख्ने ।

नोटः क.तथ्याङ्क अद्यावधिक गर्दा केही असुविधा भएमा शिक्षा शाखा तथा आई. टी. अफिसर श्री आकाश गुरुङलाई सम्पर्क गर्नुहुन अनुरोध छ।

ख. विवरण upload गरेपछि विद्यालयले IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरू विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रूपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गरिन्छ । सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाउँला भन्ने व्यहोराको पत्र नगरपालिका शिक्षा शाखामा पठाउने ।

२०७६/१२/२६

श्रीप्रसाद भट्टराई
उपसचिव

श्रीप्रसाद भट्टराई
उप-सचिव
शिक्षा शाखा प्रमुख